# अन्तरक्रिया तथा सम्मान कार्यक्रम (इभेन्ट्स म्यानेजमेन्ट)

युवा तथा साना व्यवसायी स्वरोजगार कार्यक्रम सम्वन्धी अन्तरक्रिया तथा सम्मान कार्यक्रम मिति **२०८० आषाढ महिनाको २० गते बुधवारका दिन कार्यक्रमका प्रमुख अतिथि माननीय युवा तथा खेलकुद मन्त्री** डिग बहादुर लिम्बूज्यको **प्रमुख आतिथ्यमा पानस पार्टी प्यालेस, बिराटचोक, मोरङमा** सञ्चालन भएको थियो । अतिथिको आशन ग्रहण जिल्ला स मन्वय अधिकारी तथा कर्जा असुली उप समितिका सदस्य हरिप्रसाद भट्टराइज्यूले गर्नु भएको थियो ।



कोषको कर्जा लगानी प्रक्रिया, असुलीको प्रावधान, अनुगमन प्रणाली, व्याज अनुदान, वीमा र समसामयिक बिषय आदिको बारेमा छलफल, अन्तरक्रिया गर्ने उदेश्यले सञ्चालन गरिएको कार्यक्रमा कोषको कर्जा लगानी गरिरहेका सहकारी संस्थाका प्रतिनिधिहरु (अध्यक्ष/व्यवस्थापक/सदस्य), सहकारी संस्थाहरु मार्फत कोषको कर्जा लगानी गरी व्यवसाय गरिरहेका स्वरोजगार व्यवसायीहरु, नियमित कर्जा भुक्तानी गरिसकेपछि कर्जा नियमित तिरेको व्याजको ६०% व्याज अनुदान पाउने असल ऋणीहरु गरी जम्मा २८० जनाको कार्यक्रममा सहभागिता रहेको थियो ।




कोषको कर्जा लगानी, असुली प्रक्रिया, व्याज अनुदान, वीमा, स्वरोजगार सिर्जनामा सहकारीको भूमिका, कर्जाको सदुपयोगिता, स्वरोजगार सिर्जनामा कोषले गरिरहेका कामहरु र कोषको प्रभावकारिता सम्बन्धमा कोषका कार्यकारी निर्देशक विश्वमोहन अधिकारीज्यूले प्रकाश पार्नुभयो । सहकारी संस्थाका प्रतिनिधिहरुले व्याज अनुदान, वीमा, कर्जा लगानी लगायत विषयमा प्रश्न सोध्नु भयो । सोधिएका प्रश्नहरुको जवाफ कार्यकारी निर्देशकज्यूले दिनुभयो । झापा जिल्लाको त्रिबेणी अपांगता तथा महिला बहुउद्धेश्यीय सहकारी संस्थाबाट स्वरोजगार कर्जा लिई सिटी सफारी व्यवसाय सञ्चालन गरिरहेका अपांग व्यवसायी लंक बहादुर खड्कालाई माननीय मन्त्रीज्यूबाट सम्मान गर्नुभयो । **कार्यक्रमका प्रमुख अतिथि माननीय युवा तथा खेलकुद मन्त्री** डिग बहादुर लिम्बूज्यले छलफलका क्रममा उठेका प्रश्नहरुको उत्तर दिनुभयो । कोषको कामलाई ग्रामीण तह र विपन्न व्यक्ति सम्म लगेर स्वरोजगार सिर्जना गर्नुपर्ने, कर्जाको पूर्ण सदुपयोगिता गर्नुपर्ने, कोषको कार्यशैलीमा प्रभावकारीता ल्याउनुपर्ने विचार राख्नुभयो । सुधार र संशोधन गर्नुपर्ने विषयमा नीतिगत तहमा पहल गर्ने धारणा राख्नुभयो । कोषलाई युवा मैत्री बनाउनु पर्ने धारणा राख्नुभयो ।







। कार्यक्रम सञ्चालन तालिम शाखा प्रमुख नर बहादुर साउँदज्यूले गर्नु भएको थियो । कार्यक्रम सञ्चालक तालिम शाखा प्रमुख नर बहादुरज्यूले सहभागि सबै जनालाई धन्यबाद दिदै कार्यक्रम समापन गर्नुभयो ।

